
# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १४२ | काठमाडौं | मंगलबार, २६ भदौ २०८० | Prabhab National Daily | Tuesday, September 12, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-





## जनता भड्काउने अभिव्यक्ति



**भदौ २५** : अब यो समाजवादी मोर्चाले जहाँ बदमासी हुन्छ, गालीगलौज हुन्छ, त्यो ईँटको जवाफ पत्थरले दिने हो । दिनैपर्‍यो

**भदौ २४** : केही समयपछि राष्ट्रियता, जनतन्त्र, जनजीविकाका विषयलाई लिएर लाखौं जनतालाई सडकमा ल्याउनुछ

**साउन २४** : २०८४ मा पहिचान पक्षधरलाई टन्नै मत हाल्दिनुभयो भने सदनैबाट त्यही पारित हुन्छ । अहिलेको घटनाक्रमले नयाँ चेतना हामी सबैमा पैदा भएको छ र त्यो चेतनाको बलमा हामीले पहिचानसहितका प्रदेशहरूको नामकरण गर्न सकिन्छ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सत्ताको नेतृत्व सम्हालेका व्यक्ति दैनिक सरकार सञ्चालनमा ध्यान दिने र संयमता अपनाउनुपर्ने हो । तर वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहालले भने दैनिकजसो जनता भड्काउने र 'अराजक' खालका अभिव्यक्ति दिन थालेका छन् । सत्ता सम्हालेको आठ महिनामा खासै उपलब्धि हासिल नगरेका प्रधानमन्त्री दाहाल अराजक अभिव्यक्तिमा उत्रेका हुन् ।

समाजवादी मोर्चाका कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा आइतबार हेटौंडा पुगेका दाहालले लाखौं जनतालाई सडकमा ल्याउनुपर्ने अभिव्यक्ति दिएका थिए । सोमबार विराटनगर पुगेर पनि दाहालले कार्याकर्तालाई इँटाको जवाफ पत्थरले दिनुपर्ने बताएका छन् ।

कांग्रेस सहमहामन्त्री महेन्द्र यादवमाथि भएको आक्रमणको विषयलाई लिएर दाहालले बदमासी भएको ठाउँमा मोर्चा चुप लागेर बस्न नहुने बताएका हुन् । 'भनेपछि उनीहरूको मनोबल कस्तो रहेछ, तपाईं हामीचाहिँ बडो रक्षात्मक ?,' दाहालले उक्साउँदै भने, 'त्यस्तो होइन अब । अब यो समाजवादी मोर्चाले जहाँ बदमासी हुन्छ, गालीगलौज हुन्छ, त्यो ईँटको जवाफ पत्थरले दिने हो । दिनैपर्‍यो ।'

यसअघि आइतबार हेटौंडा पुगेका दाहालले राजतन्त्रका पक्षधरको सातो जाने गरी जनतालाई सडकमा ल्याउनुपर्ने बताएका थिए । 'केही समयपछि राष्ट्रियता, जनतन्त्र, जनजीविकाका विषयलाई लिएर लाखौं जनतालाई सडकमा ल्याउनुछ,' उनले भने, 'ती प्रतिक्रान्तिकारी र दक्षिणपन्थी निरंकुशतावादी तथा सामान्ती र दलालको सातो जाने गरी जनताको तागत बढाउनुछ ।'

परिवर्तन ल्याएकालाई अहिले अपमानित गर्ने काम भइरहेकोसमेत दाहालको तर्क थियो । 'हामीलाई अपमानित गर्न खोज्ने, घेरा हाल्न खोज्ने, जनताको त्यत्रो त्याग र बलिदानबाट ल्याएको परिवर्तनलाई अपमानित गर्न खोज्ने प्रवृत्तिलाई परास्त गर्नुपर्छ,' प्रधानमन्त्री दाहालको भनाइ थियो ।

यसअघि साउन २४ गते प्रधानमन्त्रीले पहिचान पक्षधरको पक्षमा अभिव्यक्ति दिएका थिए । '२०८४ मा पहिचान पक्षधरलाई टन्नै मत हाल्दिनुभयो भने सदनैबाट त्यही पारित हुन्छ । (**बाँकी पृष्ठ ३ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

## प्रधानमन्त्रीले लिए राजदूतहरूसँग 'रिपोर्ट'

■ **मोहनप्रसाद पन्त**



- १३ मुलुकमा रहेका राजदूत तथा कूटनीतिक नियोगका प्रतिनिधिहरूलाई बोलाएर अन्तरक्रिया
- सोमबार सुरू भएको अन्तरक्रिया आज सकिने, प्रधानमन्त्री दाहालले विशेष सम्बोधन गर्ने कार्यसूची
- श्रम आप्रवासन र कूटनीतिक नियोगको भूमिकालाई समेट्दै श्रमसचिवबाट संक्षिप्त अवधारणापत्र प्रस्तुत
- श्रम गन्तव्यका लागि आवश्यक कानुनी र संरचनात्मक सुधारको बाटो पहिल्याउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन र मानव तस्करी नियन्त्रणका लागि विदेशस्थित नेपाली दूतावासका राजदूत तथा कूटनीतिक नियोगका प्रतिनिधिहरूलाई बोलाएर छलफल गरेका छन् । श्रम आप्रवासनका सवाल र कूटनीतिक नियोगको भूमिका विषयक कार्यक्रमको आयोजना गरी प्रधानमन्त्री दाहालले १३ वटा मुलुकमा रहेका राजदूत तथा कूटनीतिक नियोगका प्रतिनिधिहरूलाई काठमाडौं बोलाएर छलफल गरेका हुन् । विदेशमा नेपाली श्रमिकले भोगेका समस्या र त्यसको समाधानको उपाय निकाल्ने प्रयासस्वरूप प्रधानमन्त्री दाहालले उक्त अन्तरक्रियाको सुरुआत गरेका हुन् ।

सोमबार सुरु भएको अन्तरक्रिया आज (मंगलबार) सम्म चल्नेछ । यस कार्यक्रमले श्रम गन्तव्यका लागि आवश्यक कानुनी र संरचनात्मक सुधारको बाटो पहिल्याउन महत्त्वपूर्ण भूमिका खेल्ने बताइएको छ । कार्यक्रममा अस्ट्रियाका लागि नेपाली राजदूत भरत गौतम, ओमानका लागि नेपाली राजदूत डोरनाथ अर्याल, जर्मनीका लागि नेपाली राजदूत रामकाजी खड्का, जापानका लागि नेपाली राजदूत दुर्गाप्रसाद सुवेदी, दक्षिण कोरियाका लागि नेपाली राजदूत ज्योति प्याकुरेल, मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पौडेल, कतारका लागि नेपाली राजदूत नरेशविक्रम ढकालको सहभागिता रहेको छ । त्यस्तै बहराइनका लागि नेपाली राजदूत तीर्थराज वाग्ले, पाकिस्तानका लागि नेपाली राजदूत तापस अधिकारी, कुवेतका लागि नेपाली राजदूत घनश्याम लम्साल, संयुक्त अरब इमिरेट्स (युएई)का लागि नेपाली राजदूत तेजबहादुर क्षेत्री, साउदी अरेबियाका लागि नेपाली राजदूत नवराज सुवेदी पनि सहभागी छन् ।

अन्तरक्रियामा विभिन्न मुलुकको जिम्मेवारी सम्हालेका कूटनीतिज्ञहरूले अन्तर्राष्ट्रिय श्रमबजारमा रहेका नेपाली कामदारको अवस्था र त्यसमा सुधार ल्याउन चाल्नुपर्ने कदमबारे आफ्नो धारणासहितको रिपोर्ट प्रस्तुत गरेका छन् । मुलुकैपिच्छे अलग-अलग श्रम समस्या रहेको राजदूतहरूले प्रधानमन्त्रीसमक्ष राखेका छन् । उनीहरूमध्ये केही राजदूतले विदेशमा रहेका कतिपय नेपाली श्रमिकको अवस्था ज्यादै दयनीय रहेकोले श्रम स्वीकृतिमा नै कडाइ गर्नुपर्ने भनाइ राखेका छन् । कतिपयले श्रमिकका गुनासा तथा माग सम्बोधनका लागि दूतावासमा जनशक्ति बढाउनुपर्ने बताएका छन् । उनीहरूले वैदेशिक रोजगारीमा जाने नेपालीलाई सीप सिकाएर पठाउनुपर्नेमा पनि जोड दिएका छन् । (**बाँकी पृष्ठ ३ मा**)

## प्रतिगमन फर्कने त्रास

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालदेखि पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईसम्मले वर्तमान राजनीतिक व्यवस्थाको स्थायित्वप्रति चिन्ता प्रकट गरिरहेका छन् । राजावादी र हिन्दूवादी शक्ति राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को संसद्मा पुनःउदय भएको पृष्ठभूमिमा पछिल्लोपटक सर्लाहीको मलगंवा र केही दिनअघि कोशीको धरानमा भएको गाईकाण्डलाई लिएर उत्पन्न तनावबीच दाहाल र भट्टराईले व्यवस्थामाथि संकट पैदा भएको बताएका हुन् ।

दुवै स्थानमा हिन्दूवादीहरू सडकमा ओर्लिएका थिए । तर, स्थानीय प्रशासनले कफर्चु आदेश जारी गरेर सम्भावित दुर्घटनालाई नियन्त्रणमा लिएको थियो । अर्कातिर, अघिल्लो सातामात्रै कांग्रेस सहमहामन्त्री महेन्द्र यादवमाथि राजावादी भनिएका एकजना व्यक्तिबाट धारिलो हतियार प्रहार भयो ।

यसरी हिन्दू धर्म र राजतन्त्रको पक्षधरबाट यस्तो घटना लगातारजस्तो भइरहँदा प्रधानमन्त्री दाहाल र पूर्वप्रधानमन्त्री भट्टराईलाई यसलाई व्यवस्थाको स्थायित्वसँग जोडेर चिन्ता प्रकट गरेका हुन् ।

कोशीको राजधानी विराटनगरमा सोमबार पुगेका प्रधानमन्त्री दाहालले प्रतिगमनविरुद्ध परिवर्तनकारी शक्तिहरू सतर्क हुनुपर्नेमा जोडसमेत दिए । 'एकथरि मान्छेहरू सामाजिक सद्भाव खल्बलाउने र जातीय द्वन्द्व भड्काएर परिवर्तनका उपलब्धि उल्टाउने बहाना खोजिरहेका छन्,' दाहालले भने, 'त्यसमा हामी सतर्क रहनुपर्छ । परिवर्तनका पक्षमा लाखौं जनतालाई सडकमा ल्याएर प्रतिगमनको हावाहुरी समाप्त पार्नुपर्छ ।'

माओवादी सशस्त्र युद्धको जगमा भएको दोस्रो जनआन्दोलनबाट प्राप्त राजनीतिक उपलब्धिहरू संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशिता र समानुपातिक व्यवस्थाको विरोधी शक्ति राप्रपालाई प्रधानमन्त्री दाहालसहितका नेताहरूले प्रतिगामी शक्ति भन्ने गरेका छन् । यी उपलब्धिहरूलाई डेढ दशकदेखि उल्टयाउन राप्रपाले बल गरिरहेको छ । तर, सकेको छैन । राप्रपाको यस्तो कदमलाई भने प्रधानमन्त्री दाहालले 'प्रतिगमन' उन्मुख कदम भन्दै आएका छन् ।

एकातिर राप्रपाले हिन्दूराष्ट्र र राजतन्त्र पुनःस्थापना गर्न बल गरिरहँदा अर्कातिर यही भदौको पहिलो साता कांग्रेस सांसद विनोद चौधरीको निमन्त्रणमा नेपाल आएका भारतीय धर्मगुरु बागेश्वर बाबा भनिने धीरेन्द्रकृष्ण शास्त्रीले नेपाल हिन्दूराष्ट्र भएको अभिव्यक्ति दिएका थिए । फेरि, पूर्वराजा ज्ञानेन्द्र शाह पनि नेपाल तथा भारतका विभिन्न मठमन्दिरको दर्शनमा बारम्बार सरिक भइरहेका छन् ।

> एकथरि मान्छेहरु सामाजिक सद्भाव खल्बलाउने र जातीय द्वन्द्व भड्काएर परिवर्तनका उपलब्धि उल्टाउने बहाना खोजिरहेका छन् ।
>
> ■ **पुष्पकमल दाहाल**
> प्रधानमन्त्री

> जोगी तथा बाबाको भेषमा आएकाहरूले जनताको चेतनालाई भुत्ते पार्न खोजेका छन् ।
>
> ■ **डा. बाबुराम भट्टराई**
> पूर्वप्रधानमन्त्री

> परिवर्तित जुन राजनीतिक व्यवस्था छ, यो व्यवस्थाको बाहक शक्तिहरु के मौजुदा व्यवस्थाको रक्षक बन्न सक्छ ? परिवर्तन उल्टिने/नउल्टिने यसमा निर्भर हुन्छ' ।
>
> ■ **प्रा.डा. लोकराज बराल**
> राजनीतिशास्त्री

उनको भ्रमणलाई लिएर पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईलेचाहिँ मठमन्दिरहरूको दर्शनभन्दा पनि शक्ति केन्द्रको चाकडी गरिरहेको टीप्पणी गरेका छन् । शक्ति केन्द्र भनेर उनले भारतको सत्तारूढ दलतर्फ लक्षित गरेका हुन् । भारतमा कट्टर हिन्दूवादी दल भारतीय जनता पार्टी (भाजपा) सत्तामा छ । नेपाललाई हिन्दूराष्ट्र बनाउने यो दलको चाहना छ ।

जसबारे तीन महिनाअघि सार्वजनिक एक अमेरिकी प्रतिवेदनले पनि भाजपाले विभिन्न दलका नेपाली नेताहरूलाई हिन्दूराष्ट्रबारे बोल्न पैसा नै दिने गरेको सनसनीपूर्ण तथ्य खुलासा गरेको थियो । यसको भने राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले विज्ञप्ति जारी गर्दै विरोध गरेका थिए । एकपछि अर्को विकसित घटनाक्रमका आधारमा विश्लेषण गर्दै पूर्वप्रधानमन्त्री डा. भट्टराईले शनिबार प्रक्षेपण नै गरे, 'अनिष्टको संकेत देखिँदै छ । गम्भीर बनौं ।'

उनका अनुसार त्यस्तो अनिष्ट देशी तथा विदेशी पुनरोत्थानवादी शक्तिहरूबाट हुने संकेत देखिएको छ । उनकै शब्दमा ती शक्तिहरू संघीय लोकतान्त्रिक गणतन्त्र नै उल्टाउन उद्धत भइरहेका छन् । यही विषयलाई जोड्दै ललितपुरको सानेपामा सोमबार पूर्वराजा शाह लक्षित भनाइसमेत राखे भट्टराईले । 'अन्तर्राष्ट्रिय राजनीति र कूटनीतिमा बिपी' विषयको बहसमा बाबुरामले पूर्वराजा अहिले भारत र चीनलाई रिझाउन लागिरहेको आरोप लगाएका हुन् । 'हामीले पदच्युत गरेका मान्छे अहिले विदेश गएर बसेका छन् । माहिनौंसम्म गएर बसेका छन् । शक्ति केन्द्रको चाकरी गरेर बसेका छन् । भारत र चीनसँग कुरा गरेर चलखेल गरेर त्यसमा साथ दिन उनी तयार भएर बसेका छन्,' उनले भने ।

दिनदहाडै राजावादीबाट संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर कांग्रेस नेता यादवमाथि धारिलो हतियार प्रहार हुनु र जोगी तथा बाबाको भेषमा आएकाहरूले जनताको चेतनालाई भुत्ते पार्न खोजेको उनको आरोप छ ।

राजनीतिशास्त्री प्रा.डा. लोकराज बराल भने संघीय लोकतान्त्रिक गणतन्त्र तत्काल उल्टिने सम्भावना देख्दैनन् । तर, परिवर्तनकारी शक्ति भनिने कांग्रेस, एमाले, माओवादी, जसपालगायत दलहरू परिवर्तनको रक्षकभन्दा पनि भक्षक भए यसै भन्न नसकिने उनी बताउँछन् ।

(**बाँकी पृष्ठ ३ मा**)


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।**
**दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# नेपाल प्रहरी र काठमाडौं विश्वविद्यालयबीच सहकार्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रहरी र काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेसन धुलिखेलबीच नेपाल प्रहरीद्वारा विभिन्न स्थानमा सञ्चालित नौ वटा विद्यालयको शैक्षिक गुणस्तर तथा शिक्षकको क्षमता अभिवृद्धि गर्नेसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर र काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापाले नेपाल पुलिस स्कुल साँगामा आयोजित एक समारोहबीच आइतबार उक्त सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । उक्त समारोहमा प्रहरी महानिरीक्षक कुँवरले नेपाल प्रहरीद्वारा सञ्चालित विद्यालयको शैक्षिक गुणस्तर तथा शिक्षकको क्षमता अभिवृद्धि गर्नेसम्बन्धी भएको सम्झौताका लागि काठमाडौं विश्वविद्यालयलाई धन्यवाद दिँदै प्रहरीका कर्मचारीका सन्ततिलाई प्रभावकारी र गुणस्तरीय शिक्षा प्रदान गर्ने अभिप्रायले स्थापना भएको पुलिस स्कुलले अहिले सर्वसाधारणका सन्ततिलाई समेत समेटी अध्ययन अध्यापन गराउँदै आएको जानकारी दिए ।

काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. थापाले नेपाल प्रहरी र काठमाडौं विश्वविद्यालयको सहकार्यले नेपाल पुलिस स्कुलको शैक्षिक गुणस्तर अभिवृद्धि हुने बताए । साथै आगामी दिनमा पनि नेपाल प्रहरीसँग सहकार्यको क्षेत्रलाई अगाडि बढाउँदै लैजाने उनले उल्लेख गरे ।

समारोहमा प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक रेवती ढकालले सम्झौताको महत्त्व र उद्देश्यका बारेमा प्रकाश पारेका थिए । उक्त सम्झौताअनुसार काठमाडौं विश्वविद्यालयले नेपाल प्रहरीद्वारा सञ्चालित विद्यालयलाई सुदृढ पार्न सहकार्य गर्ने र नौवटै विद्यालयका शिक्षक तथा अन्य जनशक्तिको क्षमता विकासमा सहयोग गर्नेछ । सम्झौता हस्ताक्षर भएको दिनदेखि पाँच वर्षका लागि लागू हुनेछ । साथै सबै प्रहरी स्कुलको समग्र शैक्षिकस्तर सुधार गर्ने विषयमा दुवै पक्षबीच सहकार्य हुनेछ ।

उक्त कार्यक्रममा नेपाल पुलिस स्कुल साँगा विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष प्रहरी अतिरिक्त महानिरीक्षक मीरा चौधरी, काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेसनका डिन प्रा.डा. बालचन्द्र लुइँटेल एवं प्रहरी वरिष्ठ अधिकृतको उपस्थिति रहेको थियो ।

# वडा १६ मा कार्यवाहक अध्यक्षको जिम्मेवारी महर्जनलाई

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका वडा नं. १६ को कार्यवाहक अध्यक्षको जिम्मेवारी पुष्प महर्जनलाई दिइएको छ । सोमबार भएको प्रमुखस्तरीय निर्णयबाट उनलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिइएको महानगरपालिकाले जानकारी दिएको छ ।



सोमबार नै वडा समितिको बैठकबाट महर्जनलाई कार्यवाहक अध्यक्ष सिफारिस गर्ने निर्णय भएको थियो । वडाध्यक्ष मुकुन्द रिजालको भदौ २१ गते असामयिक निधन भएपछि अध्यक्ष पद रिक्त भएको थियो । रिजालको डेंगीका कारण उपचारका क्रममा निधन भएको थियो ।

# सामुदायिक क्याम्पसलाई ‘क्युएए’मा आबद्ध हुन आह्वान

**काठमाडौं (प्रस)–** विश्व विद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. देवराज अधिकारीले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन ‘क्युएए’ प्रक्रियामा आबद्ध हुन सबै सामुदायिक क्याम्पसलाई आह्वान गर्नुभएको छ । कोटेश्वर बहुमुखी क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट ‘क्युएए’ प्रक्रियाबाट प्रमाणीकरण भएको उपलक्ष्यमा सोमबार आयोजित कार्यक्रममा उनले प्रमाणीकरणपछि सोहीअनुरूप गुणस्तर कायम गर्नुपर्ने सुझावसमेत दिए ।

‘सामुदायिक क्याम्पसलाई क्युएएको चक्रभित्र प्रवेश गराउँदै गुणस्तर कायम गराउनु आवश्यक छ,’ उनले भने । उनले क्युएए प्रमाणीकरण गरेको प्रत्येक वर्ष अनुगमन गर्ने जानकारी दिँदै सोहीअनुरूप गुणस्तरलाई कायम राख्न क्याम्पस एवं विद्यार्थीलाई सुझाव दिए ।

समारोहमा त्रिभुवन विश्वविद्यालयका रजिस्ट्रार प्रा.डा. पेशल दाहालले सामुदायिक क्याम्पसको गुणस्तर बढ्दै गएको बताए । उनले भने, ‘क्युएए प्रमाणीकरण भएका सामुदायिक कलेजप्रतिको हेर्ने नजरमा परिवर्तन आएको छ ।’ रजिस्ट्रार प्रा.डा. दाहालले शैक्षिक संस्थामा प्राज्ञिक गतिविधिबाहेकका वैकल्पिक प्रभाव पर्न नदिन सुझावसमेत दिए ।

कोटेश्वर बहुमुखी क्याम्पस प्रमुख गोविन्दबहादुर कार्कीले क्याम्पस र विद्यार्थीको मिहेनतका कारण गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियाको प्रमाणीकरण प्राप्त भएको जनाउँदै क्याम्पसको समग्र गुणस्तर उकास्ने कार्यमा निरन्तर अगाडि बढेको बताए ।


## Deumai Municipality
## Office of the Municipal Executive
**Mangalbare, Ilam**
**Koshi Province**

## INVITATION FOR E-BIDS

First Date of Publication: 2080/05/26 (12th Sep, 2023)
***Last Deadline for Submission bid document: 2080/06/25 (12th Oct, 2023), 12:00***
**Bid Opening Date: 2080/06/25 (12th Oct, 2023), 13:00**

1. Deumai Municipality, Office of the Municipal Executive, Mangalbare, Ilam invites NCB from eligible domestic bidders for the Contracts named below:

| S. N | Contract Identification Number | Work Description/Name of Project | Estimate amount (NRs.) | Bid Security amount (NRs.) | Bid Purchasing Fees (NRs.) | Bid Security validity period |
|---|---|---|---|---|---|---|
| 1 | 02/DM/GOODS/ 2080-81 | Supply and Delivery of Self-Propelled Single Drum Vibratory Roller | 5700000 | 150000 | 3000 | 90 days |
| 2 | 03/DM/GOODS/ 2080-81 | supply and Delivery of Backhoe Loader | 5700000 | 150000 | 3000 | 90 days |

2. Eligible Bidders may obtain further information at the office of Deumai Municipality, Office of the Municipal Executive, Mangalbare, Ilam Phone No.: 027-400001 or may visit PPMO e-GP System *www.bolpatra.gov.np/egp*
3. Bidders have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site *www.bolpatra.gov.np/egp.* Bidders, submitting their bid electronically, should deposit the cost of bidding document stated in the above table in the Offices Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
Name of Bank: Agricultural Development Bank, Mangalbare, Ilam
Name of Office: Deumai Municipality, Mangalbare, Ilam
Revenue (Rajaswa) Account No.: 0601101151603120
4. Electronic bids must be submitted to Deumai Municipality, Office of the Municipal Executive, Mangalbare, Ilam through PPMO website *www.bolpatra.gov.np/egp*. On or before 2080/06/25 (12th Oct, 2023), 12:00
5. Electronic bids will be opened in the presence of Bidder's representatives who choose to attend at 2080/06/25 (12th Oct, 2023), 13:00 at Deumai Municipality, Office of the Municipal Executive, Mangalabre, Ilam. If the last date of purchasing and/ or submission falls on a government holiday, then the next working day shall be as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No.:0601101151603041, Deumai Municipality, Ilam Name of Bank: Agricultural Development Bank, Mangalbare Branch, and submit Bank deposit voucher along with the bid.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
7. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 and other prevailing rules and regulations of Nepal

**Chief Administrative Officer**
**Deumai Municipality**


कामपाले तत्काल गर्नुपर्ने काम

# हाइमास्ट लाइट जडानदेखि कुकुरको बन्ध्याकरणसम्म

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले चालु आर्थिक वर्षमा तत्काल थाल्नुपर्ने ७१ वटा कामको सूची सार्वजनिक गरेको छ । महागरका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले कामको सूची सार्वजनिक गर्दै कुनै कारणले पनि निर्धारित कार्यक्रममा ढिलाइ नगर्न सबै विभागीय प्रमुखलाई निर्देशनसमेत दिएका छन् ।

तत्काल गर्नुपर्ने कामको सूचीमा हाइमास्ट लाइट जडान, विद्युतीय सेवा सञ्चालन, कार्यालय परिसर र सहरी क्षेत्रमा पार्किङ व्यवस्थापन, स्वास्थ्य प्रवर्द्धन केन्द्र सञ्चालनलगायतका छन् ।

साथै सामुदायिक कुकुरको बन्ध्याकरण, अनुगमन सूचक (पूर्वाधार, वडास्तर, विभाग, आयोजना तथा कार्यक्रम स्तर, सार्वजनिक खरिद मूल्याङ्कन प्रक्रिया) निर्माण, कार्यपालिका बैठकबाट भएका निर्णयको कार्यान्वयन, ऐन कार्यान्वयनको अवस्था, आवश्यक पर्ने कार्यविधि निर्माण, महानगर गौरव र स्वर्णिम योजना कार्यान्वयनलगायत रहेको महानगरको भनाइ छ ।

आकाशे पुलमा सिसाका बार बनाउने, सडक पेटीलगायत संरचनाको नियमित मर्मत सम्भार, यातायात व्यवस्थापन, सार्वजनिक शौचालय निर्माण पनि सूचीमा समावेश गरिएको छ । महानगरको कार्यालय काठमाडौं प्लाजामा स्तनपान कक्ष निर्माण गराउने विषय पनि सूचीमा राखिएको छ ।

महानगरले गत साता पनि सबै वडालाई सार्वजनिक शौचालयको नमूना प्रदान गरी आवश्यक स्थानमा सार्वजनिक शौचालय निर्माण गर्न निर्देशन दिएको थियो । विगत केही वर्षदेखि नै महानगरले सार्वजनिक स्थानमा शौचालय निर्माण गर्ने भने पनि अहिलेसम्म निर्माण अघि बढाउन सकेको छैन । महानगरले चालु आवमा भौतिक पूर्वाधार निर्माणका लागि सात अर्ब ३४ करोड ६४ लाख ७१ हजार रूपैयाँ रकम विनियोजन गरेको छ ।


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १० अंक १४१ भदौ २५ गते २०८० मा प्रकाशित Target Consultant Human Resources Pvt Ltd को Lot No. 291874 को विज्ञापनमा कम्पनीको नाम Port Villa General Contracting LLC हुनुपर्नेमा अन्यथा सच्याईएको जानकारी गराइन्छ ।

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977-015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०५/२६ गते)

आशामरु चित्रकारको नातिनी धर्मरत चित्रकार/वुद्धि माया चित्रकारको छोरी, कान्छा चित्रकारको पत्नी भक्तपुर जिल्ला, चपाचो न.पा., वडा न २ (हाल भक्तपुर जिल्ला, थिमी मध्यपुर न.पा. वडा नं. ६ बाहाखाबजार) बस्ने रत्न शोभा चित्रकार (ना.प्र.नं ७३७, जारी मिति २०४४/११/०६, जिल्ला प्रशासन कार्यालय, भक्तपुर) को मिति २०७९/१०/०१ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको ठिमी शाखामा रहेको रत्न शोभा चित्रकारको खाता नं. ०९२००००२१८४१० (१८१०२१४२०५१००००१) मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा पुर्ण कृष्ण चित्रकारले यस बैंकको ठिमी शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय ठिमीमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय ठिमी, भक्तपुर फोन नं. ०१- ६६३४०९८/८३२

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०७२/११/२० मा दर्ता भएको प्रा.लि.नं. १४६१३५ को **जीनोम टेक्नोलोजी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०५/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०५/२६ गते)

कुकुरा थारुको नातीनी, भागीराम थारुको छोरी, जगत राम थारुको श्रीमती बर्दिया जिल्ला, बाँसगढी नगरपालिका वडा नं ०४ बस्ने श्री वेतली थरुनीको मिति २०७९/११/०५ गते मा मुत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. ०५४००९८५०२७००००२ तथा सामाजिक सुरक्षा खाता नं. ०५४००९८५०२७००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनि निज खातावालको छोरा बिजय चौधरीले यस बैंकको शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दाबी गर्नुहन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने ब्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय बाँसगढी सम्पर्क नं. ०८४-४००१८१/१७९


**सार्वजनिक सूचना**

श्री **Swift H.R. Solution Pvt.Ltd.** को नाममा यस विभागमा दर्ता करबाही प्रकृयामा रहेका फरफारक हुन बाँकी रहेका तपसिल बमोजिमका उजुरिकर्ताहरुले आजको मितिले ०७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्नु हुन सर्वसाधारण सबैमा सर्वजनिक सूचना जारी गरिएको छ ।

| Complaint No. | Victim Name | Victim Amount | Complaint Date | Country | District | Complaint Nature | Status | Recruitment Agency | Response day |
|---|---|---|---|---|---|---|---|---|---|
| 2443 | Nawaraj K.C | 185000 | 9/5/2018 12:00:00 AM | Qatar | Kathmandu | दोषीलाई कारबाही गरी रकम र क्षतिपूर्ती | Mutual Agreement | Swift H.R. Solution Pvt.Ltd. | 7 |
| 3239 | Mithu Jaisi | 189000 | 2/18/2019 12:00:00 AM | Kuwait | Jhapa | क्षतिपूर्ति | तमेली | Swift H.R. Solution Pvt.Ltd. | 7 |
| 5702 | Mokadam Mansuri | 0 | 12/31/2021 12:00:00 AM | UAE | Kathmandu | उद्धार गरी स्वदेश फिर्ता | तमेली | Swift H.R. Solution Pvt.Ltd. | 7 |
| 6419 | Jakir Alam, Japharul Miya, Manjur Miya, Samsudin Ansari, Mokodam Mansuri | 800000 | 1/5/2022 12:00:00 AM | UAE | Kathmandu | रकम क्षेतिपुर्ति सहित स्वदेश फिर्ता | तमेली | Swift H.R. Solution Pvt.Ltd. | 7 |
| 6420 | Kopila Jaisi | 160000 | 5/2/2022 12:00:00 AM | Saudi Arabia | Kathmandu | सम्झौता बमोजिम तलब फरक परेको | तमेली | Swift H.R. Solution Pvt.Ltd. | 7 |
| 6425 | Ganilal Hajaree | 0 | 1/18/2022 12:00:00 AM | UAE | Kathmandu | खान बस्न नदिएको, औषधी उपचार, उद्धार | तमेली | Swift H.R. Solution Pvt.Ltd. | 7 |
| 6427 | Jit Bahadur Sarki | 0 | 5/2/2022 12:00:00 AM | Saudi Arabia | Kathmandu | खान बस्न नदिएको, उद्धार गरी स्वदेश फिर्ता | तमेली | Swift H.R. Solution Pvt.Ltd. | 7 |
| 6558 | Shekh Anish | 150000 | 9/18/2022 12:00:00 AM | UAE | Kathmandu | क्षतिपूर्ति | तमेली | Swift H.R. Solution Pvt.Ltd. | 7 |

## प्रधानमन्त्रीले...

पृष्ठ १ बाट जारी

सीपविना रोजगारीका लागि विदेश पुगेका श्रमिकले बढी समस्या झेलिरहेको उल्लेख गर्दै उनीहरूले यो विषयलाई सरकारले गम्भीरतापूर्वक लिनुपर्नेमा जोड दिएका छन् ।

कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीले श्रम आप्रवासन र कूटनीतिक नियोगको भूमिकालाई समेट्दै संक्षिप्त अवधारणापत्र प्रस्तुत गरे । अवधारणापत्रमा श्रम बजार र आप्रवासनसम्बन्धी वर्तमान अवस्था, विप्रेषण र यसको सघन उपस्थिति, द्विपक्षीय श्रम सम्झौता र समझदारी, वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृतिबारे उल्लेख गरिएको छ । साथै राहत, उद्धार र कल्याणकारी कार्यको सञ्चालन, कानुन प्रतिरक्षाको अवस्था, श्रम सम्बन्ध, आश्रयस्थल, स्थानीय कर्मचारी व्यवस्था, संस्थागत व्यवस्था र श्रम सहचारीको अवस्था, दक्षिण कोरियाको इ-७ भिसा विशेष, जापानको निर्दिष्ट सीपयुक्त कामदारसम्बन्धी अवस्था, अभिलेख नभएका श्रम आप्रवासीको अभिलेखन गर्नेलगायत विषय पनि उक्त अवधारणपत्रमा समेटिएका छन् ।

त्यसैगरी श्रम आप्रवासनका मुख्य १० गन्तव्यमा कतार, मलेसिया, साउदी अरब, युएई, कुवेत, बहराइन, दक्षिण कोरिया, ओमान, जापान, रोमानिया रहेको अवधारणापत्रमा उल्लेख छ । नेपाली श्रमिकले वैदेशिक रोजगारीका क्रममा भोग्नुपरेको विभिन्न समस्या उल्लेख गर्दै त्यसको समाधानका विकल्पसमेत प्रस्तुत गरिएको छ ।

कार्यक्रममा अनेक माध्यमबाट रोजगारीका लागि विदेशिने नेपालीहरूको समस्या तथा नयाँ श्रम गन्तव्य र श्रम बजारको सम्भावनाबारे, अपेक्षित उपलब्धि र परिणामलगायतका विषयहरूमा छलफल भएको सचिव भण्डारीले बताए । 'मागपत्र प्रमाणीकरण, जाँचबुझमा रहेका समस्या, वैदेशिक रोजगारीमा हुने ठगी, कार्यस्थलमा श्रमिकले भोगेका समस्या, मानव तस्करीको समस्या, विदेशमा रहेका कागजातविहीन नेपाली श्रमिकका समस्या, फ्रि भिसा फ्रि टिकटको अवस्था र समस्या, इ-भिसा, मौसमी कामदार भिसाका समस्या, नेपाली कूटनीतिक नियोगको प्रभावकारिता, श्रम आप्रवासनलाई सुरक्षित, मर्यादित र विश्वासनीय बनाउनेलगायतका विविध विषयलाई प्रमुख एजेण्डा बनाइएको छ,' उनले भने ।

त्यसैगरी घरेलु कामदारसम्बन्धी सवाल, सरकार-सरकारबीच सम्झौताबाट विदेशमा श्रमिक आपूर्ति, सामाजिक सुरक्षा कोषमा आबद्धता, विशिष्टीकृत श्रम, सीप, तालिम र भाषा विशेषको परीक्षण, अधिकतम सेवा शुल्क तथा रेमिटचान्सलाई औपचारिक माध्यमबाट मुलुकमा भित्र्याउने सम्बन्धमा पनि आवश्यक सचेतना र कार्यान्वयनका लागि सरकारले छलफल चलाएको सचिव भण्डारीले जानकारी दिए ।

मुलुकको अर्थतन्त्र धान्ने प्रमुख स्रोत रेमिटचान्स भए पनि विदेशमा नेपाली श्रमिकले भोगिरहेका समस्या समाधानका लागि सरकार गम्भीर नभएको भन्दै लामो समयदेखि आलोचना हुँदै आएको छ । गत आर्थिक वर्ष १२ खर्ब २० अर्ब ५६ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाएको छ । त्यस्तै देशभित्र रोजगारीका अवसर बढ्न नसकेपछि कामका लागि विदेश जाने नेपालीको संख्या दिनानुदिन बढ्दो छ । गत आर्थिक वर्षमात्रै अहिलेसम्मकै सर्वाधिक सात लाख ७५ हजार नेपालीले श्रम स्वीकृति लिएर विदेश गएको वैदेशिक रोजगार विभागले उल्लेख गरेको छ । यस्तो परिवेषमा श्रम आप्रवासनलाई सरल, सहज, व्यवस्थित, सुरक्षित र पारदर्शी बनाउन प्रधानमन्त्री दाहालले राजदूतहरूलाई बोलाएर आगमी दिनमा चाल्नुपर्ने कदम र उपायकाबारे ब्रिफिङ गर्न लगाएका हुन् ।

वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सरोकारवाला निकायहरूबाट सम्पादन हुँदै आएको सेवा प्रवाहको मौजुदा अवस्था, अवसर र चुनौती विषयलगायतका क्षेत्रमा सघन छलफल जारी रहेको श्रम मन्त्रालयले उल्लेख गरेको छ । सुरक्षित र आकर्षक श्रम बजारको विस्तार गर्दै द्विपक्षीय श्रम सम्झौताका माध्यमबाट नेपाली श्रम शक्तिको सुरक्षा र मर्यादा कायम राख्न अपनाउनुपर्ने प्रयत्नतर्फ केन्द्रित अन्तरक्रियात्मक कार्यक्रमबाट वैदेशिक रोजगारका सेवा प्रवाह श्रमिकमैत्री हुने अपेक्षा राखिएको छ । पहिलोपटक आयोजना गरिएको यस कार्यक्रमलाई सबै कुटनीतिज्ञहरूको राय तथा धारणा आइसकेपछि मंगलबार (आज) प्रधानमन्त्री दाहालले विशेष सम्बोधन गर्ने कार्यसूची रहेको श्रम मन्त्रालयले जानकारी दिएको छ ।

# 'कोशीमा स्थिरताका लागि सहकार्य आवश्यक'

**मोरङ (प्रस)**– जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले कोशी प्रदेशमा राजनीतिक स्थिरता कायम गर्नका लागि राजनीतिक दलबीच सहकार्य र सहमति हुनुपर्नेमा जोड दिएका छन् ।

विराटनगर विमानस्थलमा सोमबार सञ्चारकर्मीसँग कुरा गर्दै उनले प्रदेशमा राजनीतिक स्थिरता कायम गरी जनताका आवाज दलहरूले सुन्नुपर्नेमा जोड दिए । अध्यक्ष यादवले समाजवादी मोर्चा नेपाली कांग्रेसको सल्लाहमा निर्माण भएकाले यसले कांग्रेसलाई नै मद्दत गर्ने दाबी गरे ।

उनले मोर्चाले कांग्रेससँग सहकार्य गरी आगाडि बढ्ने र एकअर्काको सहयोगी भएकोसमेत बताए । लोकतन्त्र, आर्थिक विकास, समृद्धि, संघीयता र गणतन्त्रलाई संस्थागत गरी अगाडि बढ्न मोर्चा र कांग्रेस एक हुन आवश्यक रहेको बताए ।

## प्रतिगमन...

पृष्ठ १ बाट जारी

'परिवर्तित जुन राजनीतिक व्यवस्था छ, यो व्यवस्थाको बाहक शक्तिहरू के मौजुदा व्यवस्थाको रक्षक बन्नसक्छ ? परिवर्तन उल्टिने/नउल्टिने यसमा निर्भर हुन्छ,' उनले प्रभावसँग भने ।

गत निर्वाचनपछि शक्तिमा फर्किएको हिन्दू र राजावादी दल राप्रपाले वर्तमान राजनीतिक परिवर्तन विरोधी मुद्दालाई थप सशक्त ढंगले उठाइरहेको छ । यहीबेला एकपछि अर्को परिवर्तन पक्षधर दलहरूले संविधान पटक-पटक मिचेका छन् । कोशीमा सरकार गठनको क्रममा कांग्रेस-माओवादीसहितको सत्ता गठबन्धनले पटक-पटक संविधान मिच्यो । यसअघि ५ पुस २०७७ र ८ जेठ २०७८ मा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा पनि संविधान मिचाइ भयो । जुन संविधानमा जनआन्दोलनबाट प्राप्त राजनीतिक उपलब्धिहरू संस्थागत छन् ।

यसरी राजनीतिक परिवर्तनहरू संस्थागत भएको संविधानमाथि बारम्बार परिवर्तनकारी शक्तिहरूबाटे प्रहार हुँदै आएको छ । यही मौकामा राप्रपाले देशलाई फेरि हिन्दूराष्ट्र र राजतन्त्रात्मक देश बनाउन जोड गरिरहेको छ ।

ललितपुरको सानेपामा जारी 'बिपी साहित्य महोत्सव'मा पनि कांग्रेस नेता डा. चन्द्र भण्डारीले 'मुलुकको मजबुतीको निम्ती राजा आवश्यकता छ' भनेका छन् । राप्रपा प्रवक्ता मोहन श्रेष्ठले सेयर गरेको भिडियोमा भण्डारीले यस्तो भन्दा तालीको पर्रा छुटेको देखिन्छ । उसो त कांग्रेसमा नेता शंकर भण्डारीलगायतको एउटा तप्का देशलाई हिन्दूराष्ट्र बनाउन जोड गरिरहेका छन् । खुमबहादुर खड्का जीवित हुँदासम्म कांग्रेसमा हिन्दूराष्ट्रको मुद्दा चर्को उठेको थियो । सोही दलका नेता डा. भण्डारीले राजाको आवश्यकता भएको बताएका हुन् ।

## जनता...

पृष्ठ १ बाट जारी

अहिलेको घटनाक्रमले नयाँ चेतना हामी सबैमा पैदा भएको छ र त्यो चेतनाको बलमा हामीले पहिचानसहितका प्रदेशहरूको नामकरण गर्न सकिन्छ' विश्व आदिवासी दिवसको अवसरमा आयोजित कार्यक्रममा सम्बोधन गर्दै दाहालले भनेका थिए । कोशी नामकरणको विरोधमा पहिचान पक्षधरले कोशी प्रदेशमा आन्दोलन मच्चाइरहेको सन्दर्भमा दाहालले उक्त भनाइ राखेका हुन् ।

आफू पहिचान र अधिकारको आन्दोलनकै नेता भएको भन्दै दाहालले आफूहरूले विगतमा शेर्पा प्रदेश, किरात प्रदेशको कुरा गरेको पनि बताएका थिए । 'शेर्पा प्रदेशको कुरा किरातको पनि मैले गरेकै थिएँ । तर त्यसलाई कार्यान्वयन गर्न जति तागत सदनमा हामीलाई चाहिने हो, पहिचानका पक्षधरलाई चाहिने हो, त्यो शक्ति हामीलाई प्राप्त भएन त्यसले गर्दा लागू गर्न सकिएन,' उनले भनेका थिए ।

दाहालको भनाइकै कारण अराजकता बढ्न थालेको कांग्रेस नेता डा. शेखर कोइराला बताउँछन् । 'राजनीतिक, सामाजिक, आर्थिक कतै केही पनि ठीक छैन । सबै अराजकतातर्फ जान थाल्यो । अब कूटनीति पनि अराजकतातर्फ जान थाल्यो,' शुक्रबार एक अनौपचारिक कार्यक्रममा डा.कोइरालाले भने, 'कोशी प्रदेश नामकरणबाटै विवादमा छ । जातीय राज्यको कुरा प्रचण्डले बोलेका छन् । पार्टी अध्यक्ष भएर बोलेको भए केही थिएन तर देशको प्रधानमन्त्रीले आदिवासी जनजाति दिवसको दिन बोलेपछि परिस्थिति अर्कै भएको छ ।'

केही दिनअघि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका प्रमुख सचेतक पदम गिरीले पनि प्रधानमन्त्री दाहालले नै देशमा जातीय हिंसा भड्काउने खालको अभिव्यक्ति दिइरहेको बताएका थिए । भदौ १२ गते प्रतिनिधिसभा बैठकको विशेष समयमा गिरीले प्रधानमन्त्रीले जातीय राज्य बाँढ्छु भन्दै आपसी भाइचारा भड्काइरहेको आरोप लगाएका हुन् ।

'म जातीय राज्यको पक्षमा छु तपाईंहरू जाग्नुहोस् उठ्नुहोस् र मलाई बल दिनुहोस् हाम्रो पार्टीलाई बहुमत दिनुहोस् म जातीय राज्य बनाउँछु भन्नुभएको छ । यो अस्वाभाविकमात्र होइन हिंसा भड्काउन र देशमा त्रास फैलाउन स्वयं प्रम मलजल गरिरहनुभएको छ । यसरी आपसी दाजुभाइको बीचमा विद्वेष र घृणा फैलाउने कामको आपत्ति मात्र होइन निन्दा पनि गर्छौं,' गिरीले भनेका थिए ।

सोही दिन कांग्रेसकी ईश्वरी न्यौपानेले प्रधानमन्त्रीको अभिव्यक्ति संविधानविपरीत भएको टीप्पणी गरेकी थिइन् । 'प्रधानमन्त्रीज्यूले 'यदि हामीले निर्वाचन जितेको खण्डमा जातीय राज्य उपलब्ध गराउनेछौं' भनी दिएको सार्वजनिक अभिव्यक्ति यो संविधानको भावनाविपरीत छ । जातीय, भाषिक र धार्मिक द्वन्द्व न्यूनीकरण गर्नेभन्दा झन् बल्झाउने अभिव्यक्ति सुन्दा कतै प्रधानमन्त्रीज्यूलाई नै यो संविधान र शासन व्यवस्थाप्रति अनास्था वा अविश्वास बढेर त होइन ?,' उनले प्रश्न गरेकी थिइन् ।

## वरुण इन्भेष्टमेन्ट लि.

काठमाडौं

### वार्षिक साधारण सभा सम्बन्धी संशोधीत सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०५/२६)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको सञ्चालक समितिको मिति २०८०/०५/२५ गतेका दिन बसेको बैठकको निर्णयानुसार कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने र उक्त साधारण सभामा निम्न विषयहरु उपर छलफल गरी निर्णय गरिने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**सभा हुने मिति, स्थान र समय :-**

**मिति :- २०८० साल आश्विन महिना १८ गते बिहीबार**

**स्थान :- कम्पनीको केन्द्रीय कार्यालय, काठमाडौं**

**समय :- बिहान ११:०० बजे**

**छलफलका विषयहरु :**

क) **सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन सहितको सम्पूर्ण वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐनको दफा १११ बमोजिम आर्थिक वर्ष २०८०/०८१ का लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. स्वतन्त्र सञ्चालक नियूक्ती गर्ने सम्बन्धमा ।

ख) **विशेष प्रस्ताव**

१. निम्न विषयका सम्बन्धमा प्रवन्ध-पत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनहरुमा नियामक निकायहरुबाट कुनै परिमार्ज न गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धी सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।
   अ) कम्पनीको अधिकृत पूँजी तथा जारी पूँजी वृद्धि गर्नु पर्ने भएको हुनाले प्रबन्धपत्रको दफा ६ को (क), (ख), (घ), र (ङ) को १ र २ मा संशोधन गर्ने सम्बन्धमा विशेष प्रस्ताव ।
   आ) कम्पनीको प्रबन्धपत्रको दफा ४ को (१) (क) देखि (ठ) पछाडि (ड) मा थप संशोधन गर्ने सम्बन्धमा विशेष प्रस्ताव ।

ग) **विविध ।**

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०५/२६ गते)

डण्डपाणी पराजुलीको नाति, शिवराज पराजुलीको छोरा, बाल कुमारी पराजुलीको पति नवलपरासी जिल्ला, कावासोती नगरपालिका वडा नं. ३ बस्ने यदुनाथ पराजुलीको मिति २०८०/०१/२८ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको कावासोती शाखामा रहेको यदुनाथ पराजुलीको खाता नं. ०२३००३४१५७५००००१ र ०२३००३४१५७५००००२ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निजको श्रीमती बाल कुमारी पराजुलीले यस बैंकको शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागज सहित यस बैंकको शाखा कार्यालय कावासोतीमा हकदावी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय कावासोती, नवलपरासीं ०७८-५४०१६५, ०७८-५४११६५**

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०५/२६ गते)

प्रभाकर आचार्यको नाति, भुमिनन्द आचार्यको छोरा, राधा कुमारी आचार्यको पति धादिङ्ग जिल्ला, धनिबे्शी न.पा., वडा नं. ६ बस्ने डिल्ली प्रसाद आचार्यको मिति २०८०/०३/३१ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको धार्के शाखामा रहेको डिल्ली प्रसाद आचार्यको खाता नं. १४७००६७८९४९०००००१ मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको पत्नी राधा कुमारी आचार्यले यस बैंकको धार्के शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय धार्केमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय धार्के, धादिङ फोन नं. ०१०-१४१५७/५८**

## सुनौला खिम्ती कन्स्ट्रक्सन प्रा.लि.को शेयरधनी श्री रामहरी थापाको नामको सुचना

सिन्धुपाल्चोक जिल्ला घुम्थाङ गा.वि.स.वडा नं.७ को हाल परिवर्तित बाह्रविसे न.पा. वडा नं.७ घर भएका तपाइँ श्री रामहरी थापा सुनौला खिम्ती कन्स्ट्रक्सन प्रा.लि.को शेयरधनी हुनुहुन्छ । म नवीन राउत समेत उक्त कम्पनीको शेयरधनी तथा सञ्चालक रहेको छु । नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७९ बमोजिम जारी एकीकृत निर्देशन, २०७९ मा कम्पनीको व्यवसाय सञ्चालन गर्नको लागि कम्पनीको बैङ्क खाता तथा कर्जा कारोबार गर्दा अनिवार्य रुपमा कर्जा सूचना लिनुपर्ने, कालो सूचीमा परेका फर्म, कम्पनी तथा व्यक्तिले बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा लिन नपाउने र बैङ्क खाता समेत खोल्न नपाउने व्यवस्था रहेको छ । शेयरधनीले आफू तथा सुनौला खिम्ती कन्स्ट्रक्सन प्रा.लि.को कर्जा कारोबारको निमित्त विभिन्न बैङ्क तथा वित्तीय संस्थामा अनुरोध गर्दा तपाइँ कर्जा सूचना केन्द्रको कालोसूची नं.४७३२, ४९१३, ५३६३, ५३७७, ५६२७, ५६२८, ५६९१, ५७००, ५८३९, ५८६५, ५८८२, ५९८१, ६३३७, ६६०३, ७७१२, ८१३८, ५९२८७ र ६५३०४ मा पर्नु भएकोले बैङ्क खाता तथा कर्जा स्वीकृत गर्न नेपाल राष्ट्र बैङ्कको एकीकृत निर्देशन तथा प्रचलित बैङ्कीङ्ग कानून अनुसार नमिल्ने व्यहोरा जानकारी गराएको छ । तपाइँ र म एउटै कम्पनीको शेयरधनी रहेकाले तपाइँ कालोसूचीमा संलग्न भएको कारणबाट मेरो बैंङ्कीङ्ग कारोबार गर्न पाउने हक हितमा असर परेको छ । अतः तपाइँ कालो सूचीमा परेको कारणबाट सुनौला खिम्ती कन्स्ट्रक्शन प्रा.लि. तथा कम्पनीको शेयरधनी मलाई समेत असर परेकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कर्जा सूचना केन्द्रको कालोसूचीबाट तपाइँको नाम हटाउने प्रवन्ध गर्नुहोला । तपाइँले कालो सूचीबाट नाम हटाउने प्रवन्ध नगरेमा सुनौला खिम्ती कन्स्ट्रक्सन प्रा.लि.मा रहेको तपाइँको नामको शेयर अन्य व्यक्ति वा शेयरधनीलाई बिक्री गर्ने वा कम्पनीलाई खरिद गर्न लगाउन हुन अनुरोध गर्दछौं ।

**नवीन राउत**
**सञ्चालक शेयरधनी**
**सुनौला खिम्ती कन्स्ट्रक्सन प्रा.लि.**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CHCI MALAYSIA SDN BHD**

पूर्व स्वीकृति मिति २०८०/०५/२५ | LT. No. 292350 | चलानी नं. ६०२०७५३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 150 | 0 | 1500 | ४२,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २ गते (19th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## Kuwait मा बैदेशिक रोजगारको अवसर

**1. Company: YUSUF AHMED ALGHANIM & SONS CO.WLL, Kuwait** पून:विज्ञापन

१. पूर्व स्वीकृति मिति:- २०७९।०३।१४ | च. न.:-६०१८२०६५ | LT No:- 265827

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव KD | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Labor | 50 | - | कामचलाउ | 85 | ३६,४७४।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Outdoor Labor | 50 | - | | 95 | ४०,८८०।- | | | | | | | |
| 3 | Gardener | 17 | - | | 95 | ४०,८८०।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | निःशुल्क |

**अन्तर्वार्ता २०८० असोज २ गते (19 Sept., 2023) मेनपावर कार्यालय बसुन्धरामा हुनेछ ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :-** (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । (६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला ।

KATHMANDU OVERSEAS PVT. LTD.
HUMAN RESOURCES & LOGISTIC SUPPORT
Redge No. 265/058/059

श्रम इजाजत नं. २६५/०५८/०५९

**काठमाण्डौ ओभरसिज प्रा. लि.**
बसुन्धरा, काठमाण्डौ, फोन नं. ०१-४५४५३९५, ४५४५३९६
Email: kathmandumanpower@gmail.com


## कालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यलय

रेडक्रसग्राम, चितवन

### विषय: बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मिति :२०८०।०५।२६)

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्रहरु आह्वान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७(सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| S.N. | Bid IFB No. | Name of Projects | Date of Notice Publication | Quoted Amount with VAT (Nrs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 01/Goods/NCB/KM/080/081 | SUPPLY AND DELIVERY OF OFFICE PRINTING MATERIALS AS PER OFFICE REQUIREMENTS | 2080/04/05 (BS) | 7,60,292.25 | Kalika Printing and Packaging Pvt. Ltd., Bharatpur-3, Chitwan | |
| 2 | 02/Goods/NCB/KM/080/081 | SUPPLY AND DELIVERY OF OFFICE STATIONERY MATERIALS AND OTHER MISCELLANEOUS ITEMS | 2080/04/05 (BS) | 22,01,766.98 | N.P. Trade and Stationery Suppliers, Baneshwor-34 | |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# गफमै दिन बिताउँदै प्रधानमन्त्री

पुष्पकमल दाहाल पुस ११ गते प्रधानमन्त्री भएको ८ महिना पुगिसकेको छ । प्रधानमन्त्री हुनासाथ चितवन पुगेर दाहालले भनेका थिए– लामा र पटचारलाग्दा भाषणभन्दा काम नै गरेर देखाउनेछु । पुस १६ गते चितवनको नारायणी नमूना माध्यमिक विद्यालयको हीरक महोत्सव कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा प्रधानमन्त्रीले भनेका थिए, 'यो कार्यकालमा भाषण गर्नेभन्दा जनताको काम गरेर देखाउनेतिर नै बढी जोड हुनेछ ।' तेस्रोपटक प्रधानमन्त्री बनेका दाहालको यो भनाइ र गराइ हेर्ने हो भने अहिले आकाशपातल फरक देखिन्छ ।

प्रधानमन्त्री दाहालले सत्ता सम्हालेयता कुनै ठोस कार्यक्रम गरेको भए त्यो हो ११ पटक मन्त्रिपरिषद्को हेरफेर र मन्त्रीको थान बढाउनु । त्यसबाहेक उनको कार्यकालमा खासै उपलब्धि हुन सकेको छैन । बरु विदेश भ्रमणमा पनि छोटै कार्यकालमा रेकर्ड राख्न लागेका छन् । प्रधानमन्त्री भारतपछि इटली भ्रमणमा पुगे । अबको तीन दिनपछि २९ गते अमेरिका जाँदै छन् । त्यहाँबाट सोझै चीन पुगेर नेपाल फर्कनेछन् । प्रधानमन्त्रीको भ्रमणमा अर्को रेकर्ड भनेको सीमा विवाद हो । संयोग मान्नुपर्छ यसपटक दुवै छिमेकको भ्रमणमा नक्साले प्रवेश पाएको छ । भारत जाँदा अखण्ड भारतका कारण प्रधानमन्त्रीलाई अप्ठेरो बनायो । यसपटक चीन जाँदै गर्दा चुच्चे नक्साबारे विवाद ।

एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा लिपुलेक, लिम्पियाधुरासहित समेटेर जारी गरेको चुच्चे नक्सालाई भारतले त मानेन मानेन, चीनलेसमेत अस्वीकार गरिदियो । चीनले हालै जारी गरेको नक्सामा कतिपय भारतीय भूभागसमेत आफ्नो भूक्षेत्रमा समेटेको थियो । चुच्चे नक्सा नचिनेकोमा चीनको विरोध भएको छ भने दाहाललाई यसबारे प्रश्न सोधिने भएको छ । यी भए छिमेकी देशले हेपेको विषय । यसरी केही पनि काम नगरेको रेकर्ड राखे पनि विभिन्न विषयमा आरोप खेपेका प्रधानमन्त्री दाहाल अचेल समाजवादी मोर्चा नामक डफ्फा लिएर देश दौडाहामा लागेका छन् । कहिले हेटौंडा, कहिले विराटनगर पुगेर दाहालले धाक लगाउने कामबाहेक केही गर्न सकेका छैनन् । सोमबार त उनकै मोर्चाको आयोजनामा भएको कार्यक्रममा ब्यानरमा प्रदेशका नाम लेख्नसमेत डराए । कोशी नाममा पहिचान पक्षधरले विरोध जारी राखेको छ । विश्व आदिवासी दिवसमा आफैंले पहिचान पक्षधरको पक्षमा भाषण दिएका दाहाल त्यता पुग्दा डराउने नै भए । त्यहाँ पनि दाहालले गफ दिन भ्याए, मोर्चाको पक्षमा । ब्यानरमा प्रदेशको नामै नराखी कार्यक्रम फत्ते गरेर फर्किएका दाहालको दायित्व विकासका काम र नीति नियम बनाउने हो । गफ बन्द गरेर यी काममा लागौं ।

# थाली नृत्यमा समर्पित दिलकुमारी



▶▶ पदम श्रेष्ठ



थाली नृत्य कुनै धार्मिक सभा समारोह तथा पूजाको शुभारम्भ वा समापनमा नाचिन्छ । विशेषगरी थाली नृत्य पञ्चेबाजाको तालमा नाचिन्छ। नृत्य नृत्यांगनामा आन्तरिक ऊर्जाचाहिँ अलि बढी आवश्यक पर्ने हुन्छ । नत्र नाच्नै सकिँदैन । थाली नृत्यलाई चामयुक्त बनाउन आफूलाई गाना बजाना हावाको बेगसँगै नृत्य गराउन पनि सक्नुपर्दछ । मंगलाचरणसँगै थालिने थाली नृत्य पञ्चतत्त्व प्रकृति पुजन पनि भएकोले नृत्य गर्दा स्टिल वा चरेशको थालमा चामल, अक्षता, धुप दीप फूलका अलावा पानीमात्र, अन्नमात्र वा आकाशको प्रतीक फूलमात्र राखेर पनि देवीदेवतालाई चढाएको भावमा नृत्य गरिन्छ ।

मान्छे भएर जन्मिएपछि मान्छेलाई खाएर, लगाएर मात्र पुग्दैन रहेछ । गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षालगायतका सम्पूर्ण प्राप्तिपछि मान्छेले आफ्नो भाषा, धर्म, कला, संस्कृतिको उत्थान र संरक्षण गर्ने प्रयास गर्ने रहेछ । तर सबैले जीवनको आवश्यकतापछि समाजको प्रगतिमा योगदान गर्न सक्दैनन् वा चाहँदैनन् । यस्ता थोरै योगदानी व्यक्तित्वहरूमध्येमा पर्छिन्, दिलकुमारी राम्जाली गर्बुजा मगर ।

म्याग्दी मगर समाजकी अध्यक्षसमेत रहेकी उनले नेपाली मौलिक लोकनृत्यमध्ये मगर समुदायमा प्रचलित थाली नृत्यको सम्वर्द्धन गरी लोप हुनबाट जोगाउन लागिपरेकी छन् । मगर समुदायमा प्रचलित थुप्रै पहिचानमुखी बाजा गाना र नृत्यमध्ये नृत्यांगना दिलकुमारीलाई थाली नृत्यमा नै दिल बसेछ । त्यसरी थाल नाचमा नै दिल कसरी बस्यो त ? प्रश्नको जवाफमा उनी भन्छिन्-

मेरो जन्मघर म्याग्दी जिल्लाको सिमखोलामा अधिकांश लाहुरे हुन्थे । समुदायमा बेलायत, ब्रुनाई, मलाया नभए इण्डियाकै भए पनि लाहुरे भएर गाउँ आएका हुन्थे । हामीहरू सानै छँदा उनीहरूले आ-आफ्नो लाहुरे जीवनमा भोगेका अनुभव अनुभूतिहरू गाउँमा साट्थे । यसैबीच लाहुरे थमन पुनले आफ्नो कार्यक्षेत्र रहेको लाहुरमा खाना खाने बेला लामो लाइन बस्नुपर्ने अनि आफ्नो खाना थाप्ने पालो नआएसम्म अनेक हाउभाउ गरी हातैमा थाल नचाएर नृत्य गर्दागर्दै आफूले थाल नाच नै सिर्जना गरेको बताउँथे । बेलाबेलामा थमनले नृत्य पनि गरेर देखाउँथे, म पनि त्यो थाली नृत्यबाट प्रभावित हुन पुगें । गाउँले ती लाहुरेले अरुलाई सिकाएकैबाट मैले पनि सिक्दै जान थालें । हुर्रे, टप्पा, झ्याउरेलगायतका जुनसुकै छिटो-छिटो गाइने गाना वजानामा मैले पनि थाली नृत्य समावेश गर्दै लगें । विस्तारै मेलापात नाचगानमा सहभागिता जनाउन थालें ।

